नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
कृषि बिभाग

## माटो ब्यवस्थापन निर्देशनालय

हरिहरभवन ललितपुर

**प्राँगारिक मल उत्पादन कारखाना स्थापना गर्न अनुदान प्राप्तिको लागि आवेदन पेश गर्ने सहकारी सँस्था/सँघ तथा नीजि फर्म/कम्पनीहरुलाइ सम्झौता गर्न आउने सम्बन्धि सूचना**

यस निर्देशनालयको आ.ब. २०६७/६८ का स्विकृत कार्यक्रम अनुसार प्राँगारिक मल उत्पादन कारखाना स्थापना गर्न प्रोत्साहन गर्ने उद्येश्यले, मिति २०६७।९।२९ मा प्रकाशित सूचना अनुसार प्रस्ताव पेश गर्ने बिभिन्न फर्म, कम्पनी वा सँघ सँस्था मध्ये तपसिल अनुसारका फर्म, कम्पनी वा सँघ सँस्था लाई कार्यबिधि र सम्झौतामा तोकिए अनुसारको शर्तहरु पालना गर्ने गरि उल्लेखित रकम अनुदान उपलब्ध गराउन प्राँगारिक मल अनुदान निर्देशन समिति बाट स्विकृत भई आएको हुनाले अनुदान प्रकृया अगाडि बढाउन यो सूचना प्रकाशित मितिले ७ दिन भित्र सम्झौता गर्न आउन यो सूचना प्रकाशन गरिएको छ। बिस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटीमा प्रकाशित सूचना हेर्नु हुन वा यस निर्देशनालयको वेबसाईट (www.doasoil.gov.np) हेर्न सकिने छ।

| सि.नं. | फर्म/कम्पनी | अनुदान रकम |
|---|---|---|
| 1 | बनसुन एग्रो अर्गानिक्स (प्रा.)लि, नारायणगढ, चितवन | 3317500 |
| 2 | नेपाल कल्पबृक्ष म्यानेजमेन्ट एण्ड ट्रेडिङ्ग (प्रा.)लि, चोभार, काठमाडौं | 2989563 |
| 3 | त्रिबेणी बायो ईनर्जि रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर (प्रा.)लि., बिरगँज १३ पर्सा | 1841900 |
| 4 | लर्डबुद्ध हर्बल प्लान्टस (प्रा.) लि., थापाथली काठमाण्डौ | 15000000 |
| 5 | सघन बहुउदेश्यीय कृषि विकास कम्पनी प्रा. लि., ग्वार्को, ललितपुर | 2680000 |
| 6 | दुर्गाभवानी जैबिक भर्मि कम्पोष्ट उद्योग, बिराटनगर-११, मोरङ्ग | 2647550 |
| 7 | अमृत बायोटेक ईन्डस्ट्रिज, बिराटनगर-१६, मोरङ्ग | 2742500 |
| 8 | बाबा बायोटेक ईन्डस्ट्रिज, कटहरी - २, मोरङ्ग | 2747850 |
| 9 | प्राकृतिक शुक्ष्म जिवाणु मल उद्योग, कोटीहवा, रुपन्देही | 310000 |
| 10 | टेट्रा एग्रो कन्सर्न (प्रा.) लि., दुम्कीवास २, नवलपरासी | 16000000 |
| 11 | बिराट बायोटेक ईन्डस्ट्रिज, बिराटनगर-११, मोरङ्ग | 2722550 |
| | कूल अनुदान रकम | 52999413 |

**माटो ब्यवस्थापन निर्देशनालय,**
हरिहरभवन, ललितपुर
फोन नं. ०१-५५२०३१४, फ्याक्सः ०१-५५५३७९१

अनुदानका शर्तहरुः

१. छनौट भएका नयाँ स्थापना हुने तथा पुराना फर्म/कम्पनी/ब्यक्तिले समेत भाडामा जग्गा लिनेको हकमा सम्झौताको सक्कल प्रति वा प्रमाणित कागजात र आफ्नै जग्गा हुनेको हकमा लालपुर्जाको प्रमाणित प्रतिलिपी प्राप्त भएपछि मात्र सम्झौता गरी अनुदान प्रकृया अघि बढाउने।

२. प्रस्ताव स्विकृत भएका फर्म वा कम्पनी वा ब्यक्तिले किन्न चाहेको औजार, उपकरण कहाँबाट खरिद गर्ने हो सो को सम्बन्धित उत्पादन वा आयात/बितरण गर्ने कम्पनीको कोटेसन र बिस्तृत स्पेसिफिकेसन सहित

खुल्ने क्याटलग राखी सम्झौता गर्नु अगावै पेश गर्नुपर्नेछ । स-साना उपकरणहरु (जस्तै बेल्चा, कोदालो, पानी टैंकी आदि) बाहेक अन्य औजार उपकरणको हकमा  उत्पादन गर्ने कम्पनीबाट सोझै खरिद गर्ने भए सम्बन्धित निकायबाट उत्पादन गर्ने प्रमाणपत्र लिएको र सप्लाई गर्नेको हकमा उत्पादन गर्ने कम्पनीको आधिकारिक बिक्रेताको रुपमा नियुक्त भएको प्रमाणपत्रको प्रमाणित कागजात पेश गर्नुपर्नेछ ।

३. यसै आर्थिक बर्ष आषाढ १५ भित्र मेसीनरी/औजार खरिद, कारखाना स्थापना (मेसिन जडान) र प्राँगारिक मल उत्पादन गर्ने कार्यतालिका समेत पेश गर्नुपर्नेछ ।

४. स्विकृत भएका प्रस्तावक हरुले कारखानाको ले आउट (कुन कुन उपकरणहरु कारखानाको कुन कुन ठाउँमा जडान हुने हो) भन्ने Production flow chart समेत सँलग्न राखी पेश गर्नुपर्नेछ ।

५. बुँदा २, ३ र ४ मा उल्लेखित प्रकृया पुरा गर्ने फर्म वा कम्पनी वा ब्यक्तिलाई मात्र अनुदान पाउन योग्य मानी सम्झौता गरी अनुदान प्रकृयामा समावेश गरिएको जानकारी सहित कार्यादेश दिईनेछ ।

६. कार्यादेश प्राप्त गरीसकेपछि निर्देशिका अनुसारको प्रकृया पुरा गरी अनुदान रकम माग गर्न सकिनेछ । अनुदान प्राप्त गर्ने फर्म वा कम्पनी वा ब्यक्तिले हरेक पटक अनुदान माग गर्दा नेपाल सरकारबाट उपलब्ध गराईने अनुदान रकम बराबरको पर्फरमेन्स बन्ड पेश गरेपछि मात्र अनुदान रकम उपलब्ध गराइने छ । तर परफरमेन्स बन्ड पेश गर्दा स्विकृत अनुदान रकम बराबरको परफरमेन्स बन्ड एकै पटक पनि पेश गर्न सकिने छ ।